फोन नं. ०८१-५२०२३०
ईमेल: bankedfo123@gmail.com

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बाँके

नेपालगंज, नेपाल

पत्र संख्या ०८२/०८३ (वन व्यवस्थापन)　　　　　　　　　　　मिति २०८२/०८/२४
च.नं. १५२०

विषयः सूचना टाँस वा अपलोड गरी जानकारी पठाई दिने बारे।

श्री वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), दाङ्ग।
श्री वन निर्देशनालय, बुटवल, रुपन्देही।
श्री जिल्ला समन्वय समिति, बाँके।
श्री जिल्ला प्रशासन कार्यालय, बाँके।
श्री नेपालगंज उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बाँके ।
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, बाँके।
श्री भूमीसुधार तथा मालपोत कार्यालय, बाँके।
श्री कोहलपुर सब डिभिजन वन कार्यालय, बाँके।
श्री शमशेरगंज सब डिभिजन वन कार्यालय, बाँके।
श्री नेपालगंज सब डिभिजन वन कार्यालय, बाँके।
श्री राप्ती सब डिभिजन वन कार्यालय, बाँके।
श्री सिक्टा सब डिभिजन वन कार्यालय, बाँके।
श्री नरैनापुर सब डिभिजन वन कार्यालय, बाँके।
श्री नेपाल वन पैदावार उद्योग व्यवसायी संघ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८२/०८/२४ गते बुधबारको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित गोलिया काठ तथा दाउरा बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धि विस्तृत सूचना पाना थान २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। तहाँ कार्यालयको सूचना पाटीमा टाँस वा वेबसाईट अपलोड गरी सोको जानकारी पठाई दिनुहुन अनुरोध गरिन्छ।

.....................

टंक बहादुर गुरुङ्ग
निमित्त डिभिजनल वन अधिकृत

फोन नं. ०८१-५२०२३०
ईमेलः bankedfo123@gmail.com

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, बाँके

नेपालगंज, नेपाल

टंक बहादुर गुरुङ
डिभिजनल वन अधिकृत

## गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

### प्रथम पटक सूचना प्रकाशन मितिः२०८२।०८।२४ गते बुधबार

यस कार्यालयको कार्यालय परिसरमा रहेको जोखिमयुक्त रुख कटान/मुछान गर्दा उत्पादन भएको तपसिल बमोजिमको जात, थान र परिमाणको काठ/दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक काठ तथा दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा सुचिकृत अध्यावधिक/नविकरण भएका उद्योगले यो सूचना प्रथम पटक मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२।०८।२४ गते बुधबार प्रकाशित भएको मितिले २१ औं दिनभित्र यस कार्यालय तथा वन निर्देशनालय बुटवल, रुपन्देहीबाट तोकिएको समयभित्र बोलपत्र खरिद गरी २२ औं दिनको १:०० बजे सम्म दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u>

१. डिभिजन वन कार्यालय बाँकेको कार्यालय परिसरमा भएका जोखिमयुक्त रूख कटान गर्दा उत्पादन भएको गोलिया काठ/दाउराको विवरण

| लट नं. | घाटगद्दी स्थान | क्र.सं. | जात | ग्रेड | थान | परिमाण (घ.फि./चट्टा) | दर | जम्मा न्यूनतम रकम रू. | संकलन खर्च रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | डिभिजन वन कार्यालय बाँके | १ | सागवान | A | ७ | ५६.०४ | ८०० | ४४८३२.०० | १६४२५१ | |
| | | | | B | ७५ | २०७.३५ | ६०० | १२४४१०.०० | | |
| | | | जम्मा | | ८२ | २६३.३९ | | १६९२४२.०० | | |
| | | २ | वृक्षारोपण सिसौं | A | ३ | ३२.५४ | ७०० | २२७७८.०० | | |
| | | | | B | ५ | ११.५९ | ५०० | ५७९५.०० | | |
| | | | जम्मा | | ८ | ४४.१३ | | २८५७३.०० | | |
| | | ३ | जामुन | A | १ | १२.४४ | ४०० | ४९७६.०० | | |
| | | | | B | ३ | २३.६१ | ३०० | ७०८३.०० | | |
| | | | | C | ३० | ९६.७२ | १०० | ९६७२.०० | | |
| | | | जम्मा | | ३४ | १३२.७६ | | २१७३१.०० | | |
| | | ४ | कालो शिरीष | A | १ | १०.६७ | ३०० | ३२०१.०० | | |
| | | | | B | ८ | ५१.९१ | २०० | १०३८२.०० | | |
| | | | जम्मा | | ९ | ६२.५८ | | १३५८३.०० | | |
| | | ५ | मसला | - | ६१ | ४५१.४८ | १२५ | ५६४३५.०० | | |
| | | ६ | टिकुई | - | ३ | १३.५३ | १०० | १३५३.०० | | |
| | | ७ | आँप | - | १ | ६.६७ | २०० | १३३४.०० | | |
| | | | जम्मा काठ | | १९८ | ९७४.५३ | | २९२२५१.०० | | |
| | | ८ | सागवान/सिसौं | | | ०.२५ | १२००० | ३०००.०० | | |
| | | ९ | अन्य जात | | | २.२५ | ४००० | ९०००.०० | | |
| | | | जम्मा दाउरा | | | २.५० | | १२०००.०० | | |
| | | कुल जम्मा | | | | | | ३०४२५१.०० | | |

## शर्त तथा नियमहरु:

१) बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति: २०८२/०९/१६ गते बुधबार

ख) समय: मध्यान्ह ४:०० बजे सम्म

२) बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति: २०८२/०९/१७ गते विहिबार

ख) समय: मध्यान्ह १:०० बजे सम्म

३) बोलपत्र फारामको दस्तुर रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस कार्यालयको (कोड नं. ३२९०१५७०१५) को राजश्व शिर्षक नं. १४२२९ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी यस कार्यालय बाट मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०८/२४ गते बुधबार सूचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र खरिद गरी २२ औं दिन मध्यान्ह १ बजेसम्म यस कार्यालयमा वा वन निर्देशनालय बुटवल, रुपन्देहीमा दर्ता गर्न सकिनेछ।

४) खरिद गरिएका बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम कोष तथा लेखा नियन्त्रण कार्यालय, बाँकेको प्रदेश धरौटी खाता नं. ४१३०१००२०२०३०००० (ख-२-३) मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

५) बैङ्क जमानत कागज धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनुपर्नेछ।

६) लिलाम बढाबढ हुने वन पैदावारहरु उपरोक्तानुसार घाटगढ्ढी स्थलमा गइ हेर्न सकिनेछ।

७) लिलाममा भाग लिन ईच्छुक काठ तथा दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८) निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस कार्यालयमा साक्षीहरुको रोहवरमा खोलिनेछ।

९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा कार्यालयको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १५ दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रमी आयकर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ।

११) छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

१२) कटान मुछान तथा घाटगढ्ढी खर्च छुट्टै बुझाउनु पर्नेछ।

१३) तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१४) बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

१५) उपरोक्त बाहेक अन्य कुराको हकमा वन ऐन तथा नियमावली, आर्थिक प्रशासन सम्बन्धी नियमावली (संशोधनसहित), २०५६, वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१६) अन्य जानकारीको लागि कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१७) बोलपत्र दाखिला गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा सोही समयभित्र दाखिल गर्न सकिनेछ।

टंक बहादुर गुरुङ्ग
निमित्त डिभिजनल वन अधिकृत